


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

चाडपर्वको नाममा फजुल खर्च नगरौं।
चाडपर्वको संरक्षण र सम्वर्द्धन गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

❑ वर्ष २२ ❑ अङ्क २६६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ असोज २१ गते बिहीबार ❑ 7 Oct. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## अधिकार कार्यान्वयन र जनअपेक्षा पूरा गर्न बजेट माग: मुख्यमन्त्री नेपाली

**पोखरापत्र संवाददाता**
**पोखरा, २० असोज**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले सङ्घीय शासन व्यवस्थासँगै सङ्घबाट प्रदेशमा हस्तान्तरित अधिकारको कार्यान्वयन र जनअपेक्षा पूरा गर्न त्यसैअनुसारको बजेट व्यवस्थापन हुनुपर्ने बताउनुभएको छ।

मुख्यमन्त्री पोखरेलले प्रधानमन्त्री शेरबहादुर देउवा र अर्थमन्त्री जनार्दन शर्मासँग भेट गरी प्रदेशमा आम्दानीको स्रोत सीमित तर नागरिकका अपेक्षा अत्यधिक भएकाले त्यसैअनुसार बजेट विनियोजन गरिदिन आग्रह गर्नुभयो । दुवै जनालाई लिखित पत्र मङ्गलबार बुझाउँदै उहाँले प्रदेश सरकारले आफ्नो सामर्थ्यअनुसार कार्यसम्पादन गरिरहेको र कतिपय अवस्थामा मागका तुलनामा स्रोत अपुग हुँदा समस्या पर्ने गरेको बताउनुभयो । भेटमा प्रधानमन्त्री शेरबहादुर देउवाले प्रदेश सरकारको क्रियाकलापका विषयमा चासो राख्दै आवश्यक बजेट विनियोजनका लागि प्रतिबद्धता जनाउनुका साथै फेवातालको संरक्षणमा विशेष जिज्ञाशा राख्नुभएको थियो। प्रदेशकै सर्वाधिक महत्वको सडक दुम्कीवास त्रिवेणी सडक खण्ड निर्माणका लागि चितवन राष्ट्रिय निकुञ्ज वाधक भएको भन्दै मुख्यमन्त्री पोखरेलले करिब आठ किलोमिटर खण्डमा सुरुङ मार्ग निर्माणका लागि प्रधानमन्त्री र अर्थमन्त्रीको ध्यानाकर्षण गराउनुभयो। गण्डकी प्रदेश सभाको भवन निर्माणका लागि डिपिआर तयार भइसकेको र यसका लागि ७५ करोड लाग्ने जानकारी गराउँदै उहाँले सहयोगको अपेक्षा गर्नुभयो । उक्त अवसरमा उहाँले प्रदेशका रणनीतिक महत्वका (स्थानीय तहको केन्द्र जोड्ने) सडकमध्ये ३३९ किलोमिटर निर्माणाधीन अवस्थामा रहेको जानकारी दिनुभयो। निर्माणका लागि डीपीआर भइसकेको २८७ किलोमिटर सडक रहेको र यी दुवै खालका सडक निर्माणका लागि रु १४ अर्ब ३५ करोड चाहिनेमा बहुवर्षे प्रकृतिका यी योजनाका लागि चालु आवमा तीन अर्ब रुपैयाँ आवश्यक परेको बताउनुभयो।

डीपीआर भइसकेका ५० मोटरेबल पुलका लागि अनुमानित बजेट तीन अर्ब लाग्नेमा यस आवका लागि रु ७० करोड आवश्यक पर्ने जानकारी गराउँदै उहाँले ठेक्का लागिसकेका कार्यक्रम सम्पन्न गर्न सात अर्ब आवश्यक पर्नेमा चालु आर्थिक वर्षका लागि चार अर्ब रुपैयाँ अपुग रहेको बताउनुभयो। "सङ्घले हस्तान्तरण गरेका योजनाका लागि पाँच अर्ब रुपैयाँमध्ये न्यूनतम हालका लागि कम्तीमा पनि तीन अर्ब रुपैयाँ आवश्यक छ", उहाँले बुझाएको पत्रमा उल्लेख छ। सङ्घबाट हस्तान्तरण भइ आएका सशर्तका योजना सम्पन्न गर्न पनि रु ७० करोड अपुग रहेको उहाँले बताउनुभयो । प्रदेशले सञ्चालन गरेका र गर्ने योजनाका लागि रु २९ अर्ब ८० करोड आवश्यक पर्नेमा चालु आवका लागि रु ११ अर्ब ४५ करोड चाहिएकाले रकम निकाशाका लागि सहजीकरण गरिदिन मुख्यमन्त्री पोखरेलले अनुरोध गर्नुभयो। उहाँका अनुसार संङ्घ सरकारले गत आर्थिक वर्षमा वित्तीय समानीकरणअन्तर्गत रु सात अर्ब ११ करोड २६ करोड उपलब्ध गराएको छ। समपूरकअन्तर्गत एक अर्ब ४९ करोड ८९ लाख र विशेष अनुदान रु ५४ करोड प्राप्त भएको छ। यी तीनवटै शीर्षकमा तोकिएअनुसार नै रकम आएको छ। सशर्तमा केही बढेर रु चार अर्ब ८२ करोड आएको बताउँदै उहाँले राजस्वतर्फ सात अर्ब ५७ करोड ३६ लाखमध्ये रु एक अर्ब आठ करोड कम आएको र त्यसले प्रदेशका योजना प्रभावित भएको बताउनुभयो।

अर्थमन्त्री जनर्दन शर्माले प्रदेशका योजनाका लागि बजेट व्यवस्थापन गर्न सङ्घ सरकार संवेदनशील रहेको बताउँदै यसका लागि मुख्यमन्त्री र प्रदेशका अर्थ मन्त्रीलाई सँगै राखेर छलफल गर्ने र प्रदेशका आवश्यकता पूरा गर्न प्रयास गरिने बताउनुभयो । अघिल्लो सरकारले ल्याएको बजेटमा अहिले २.८ प्रतिशत मात्र तलमाथि पारेको भन्दै उहाँले बाँकी बजेट जस्ताको तस्तै राखिएको बताउनुभयो । स्रोत सुनिश्चितता नभएका योजना मात्र खारेज गरिएको उहाँले जानकारी दिनुभयो । गण्डकी प्रदेश सरकारले गण्डकीलाई साक्षर प्रदेश घोषणा गर्ने भएको छ। असोज २४ गते पोखरामा हुने विशेष समारोहमा प्रधानमन्त्री शेरबहादुर देउवाको उपस्थितिमा साक्षर प्रदेश घोषणा गरिने भएको हो। यसका लागि प्रदेशका मुख्यमन्त्री पोखरेलले प्रधानमन्त्रीलाई भेटेर निमन्त्रणा पत्र हस्तान्तरण गर्नुका साथै अर्थमन्त्री जनार्दन शर्मालाई पनि कार्यक्रमका लागि निमन्त्रणा गर्नुभएको छ।

भदौ ३० मा बसेको प्रदेश मन्त्रिपरिषद् बैठकले सबै जिल्ला साक्षर घोषणा भइसकेकोले साक्षर गण्डकी अवधारणापत्र स्वीकृत गरी साक्षर प्रदेश घोषणा गर्ने निर्णय गरेको थियो । लक्षित समूहका ९५ प्रतिशतभन्दा बढी नागरिक साक्षर भए घोषणा गर्न मिल्ने व्यवस्था छ। अघिल्लो नीति तथा कार्यक्रममा दुई वर्षभित्र घोषणा गर्ने बताइएको थियो । तथ्याङ्कअनुसार नवलपुरमा सबैभन्दा बढी ९८ प्रतिशत नागरिक साक्षर छन्। सबैभन्दा कम लमजुङमा ९५.५ प्रतिशतमात्रै नागरिक साक्षर भएको तथ्याङ्क छ । मुस्ताङ ९६.३५, स्याङ्जा ९६.१६, कास्की ९६, तनहुँ ९६.४, बागलुङ ९६.५७, मनाङ ९६.९, गोरखा ९७.२, म्याग्दी ९६.२७ र पर्वत ९६.९३ प्रतिशत नागरिक साक्षर भइसकेका शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयले जनाएको छ। जिल्लागत रूपमा सबै जिल्ला साक्षर घोषणा भइसकेका छन्। मुस्ताङ सबैभन्दा पहिलो साक्षर जिल्ला घोषणा भएको हो। २०७१ असार ३१ मा मुस्ताङ घोषणा भएको हो भने सबैभन्दा अन्तिममा पर्वत २०७४ माघ १८ मा घोषणा भएको थियो।

## '२००७ सालको क्रान्तिसँग जोडिएको संगठन हो नेपाल प्रहरी'

**पोखरापत्र संवाददाता**
**पोखरा, २० असोज**



गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले नेपाल प्रहरी लोकतन्त्रका पक्षमा लडेको सङ्गठन भएको बताउनुभएको छ।

६६औँ प्रहरी दिवसका अवसरमा गण्डकी प्रदेश प्रहरी कार्यालयद्वारा बुधबार पोखरामा आयोजित कार्यक्रममा उहाँले जहानीया राणा शासनको अन्त्य र प्रजातन्त्रको स्थापनाका लागि संघर्षरत मुक्ति सेनालाई २००७ सालको परिवर्तन पछि नेपाल प्रहरीका रूपमा बनाइएको हो भन्नुभयो।

स्थापनाकालदेखि नै देशमा लोकतन्त्रको स्थापनासँगै जनताको हक अधिकार स्थापित गराउन, शान्ति सुरक्षा कायम गर्न नेपाल प्रहरीले खेलेको भूमिका प्रशंसनीय भएको जनाउँदै उहाँले सीमित स्रोत साधनका बाबजुद पनि हरेक क्षेत्रमा यस सङ्गठनले उदाहरणीय काम गरेको बताउनुभयो ।शान्ति सुरक्षासँगै महामारीजन्य प्रकोपमा पनि नेपाल प्रहरी अहोरात्र खटिएको स्मरण गर्दै उहाँले प्रहरी दिवसका अवसरमा देश र जनताका लागि विगतमा जस्तै खटिने प्रेरणा मिलोस् भन्ने शुभकामना व्यक्त गर्नुभयो।

प्रहरी नायब महानिरिक्षक दिवेश लोहनीले देश, जनता र सङ्गठनको गरिमा उचो हुने गरी नेपाल प्रहरीले योगदान दिँदै आएको बताउँदै अग्रजको प्रेरणा, कर्तव्य परायणता र गौरवमय इतिहासलाई आत्मसात गर्दै अघि बढ्नुपर्ने बताउनुभयो। उहाँले कानुनको निष्पक्ष कार्यान्वयन, शान्ति सुरक्षा र अमनचयन जस्ता कुरालाई प्राथमिकतामा राख्दै नागरिकमैत्री भावनाका साथ अघि बढ्नुपर्नेमा जोड दिनुभयो।

प्रहरी वरिष्ठ उपरीक्षक मोहनप्रसाद पोखरेलले प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीको शुभकामना सन्देश पढेर सुनाउनुभएको थियो। उक्त अवसरमा मुख्यमन्त्री पोखरेलले अमर प्रहरीका आश्रित परिवारलाई कदरपत्रसहित नगद सहयोग रकम हस्तान्तरण गर्नुका साथै सेवा प्रवाहमा उत्कृष्ट काम गर्ने प्रहरी कर्मचारी र विभिन्न सङ्घ संस्थालाई सम्मान समेत गर्नुभएको थियो।

## 'विकासका अत्यावश्यक पूर्वाधार निर्माणमा प्रदेश सरकारले अभिभावकत्व बहन गर्छौं'

**पोखरापत्र संवाददाता**
**पोखरा, २० असोज**



गण्डकी प्रदेशका अर्थमन्त्री रामजी प्रसाद बराल जीवनले विकासका अत्यावश्यक पूर्वाधार निर्माणमा प्रदेश सरकारले अभिभावकत्व बहन गर्ने बताउनु भएको छ।

पोखरा २२ (पुम्दी भुम्दी) स्थित कालाबाङको सङ्डाघ्ध्येजुलिङ गुम्बा समितिले बुधबार आयोजना गरेको स्वागत तथा सम्मान कार्यक्रममा वोल्दै मन्त्री बरालले प्रदेश बासीको अत्यावसेक पूर्वाधार निर्माणमा अभिभावकत्व बहन गर्ने बताउनु भएको हो।

विगतको सरकारको समेत स्वामित्व लिदै आफुहरुले जनताको प्राथमिकताको आधारमा विकास निर्माणलाई तिव्रता दिने मन्त्री बरालले बताउनु भयो। पोखरा २२ पुम्दी भुम्दीको पर्यटकीय क्षेत्रको पूर्वाधार निर्माण देखि रणनितीक महत्वका २ वटा सडक निर्माणलाई प्रदेश सरकारले बिषेश महत्व दिने उहाँले विश्वास दिलाउनु भयो। उहाँले भन्नु भयो "पोखरा २२ को बृहत विकासको लागि पहिलो प्रथामिकताको आधारमा छोरेपाटन देखि विश्व शान्ति स्तुपा, लुकुन्स्वाँरा, कालाबाङ, भुम्दी, उल्लेखरी हुदै कुभिण्डेसम्मको सडक निर्माण तथा छोरेपाटन देखि फुर्सेखोला हुदै कुभिण्डेसम्म जोड्ने सडकलाई बहुबर्षीय योजनामा समावेस गरी छाड्छौं ।" जिर्ण

बाँकी अन्तिम पृष्ठमा ▶▶

## हिमाल आरोही पूर्णिमालाई सम्मान

**पोखरापत्र संवाददाता**
**पोखरा, २० असोज**

धौलागिरि हिमाल आरोही पूर्णिमा श्रेष्ठलाई फोटो पत्रकार सङ्घ, कास्कीले बुधबार सम्मान गरेको छ। संसारको सातौँ अग्लो हिमाल धौलागिरि (८१६७ मिटर) पहिलोपटक नेपाली महिलाका तर्फबाट उहाँले यसै साता सफल आरोहण गर्नुभएको हो। कार्यक्रममा फोटो पत्रकार सङ्घ कास्कीका अध्यक्ष प्रदीप पौडेलले पूर्णिमाको सफल आरोहणले फोटो पत्रकारको शिर उँचो बनाएको बताउनुभयो।

आरोही श्रेष्ठले आर्थिक अभावबीच पनि आरोहण सफल भएको भन्दै खुशी व्यक्त गर्नुभयो । दुई पटकको प्रयासमा धौलागिरि आरोहण गर्न सकेको बताउँदै उहाँले अब चाँडै नै कञ्चनजङ्घा आरोहण गर्ने योजना रहेको र त्यसपछि मकालु र ल्होत्से आरोहण गर्ने तयारी रहेको जानकारी दिनुभयो । आरोहणमा हेलीभन्दा पदयात्रामार्फत जाँदा स्थानीय ठाउँको प्रवर्द्धन हुने भएकाले प्रदेश सरकारले सो क्षेत्रमा पदयात्रामा बनाउन उहाँले सुझाव दिनुभयो । काठमाडौँको सेभेन समिट ट्रेकिङ कम्पनीमार्फत उहाँले असोज २ गते मुस्ताङको मार्फा हुँदै पैदलमार्ग भएर धवलागिरि

बाँकी अन्तिम पृष्ठमा ▶▶

## ओटेफद्वारा अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय अवलोकन

**पोखरापत्र संवाददाता**
**पोखरा, २० असोज**



महिला पर्यटन व्यवसायी मञ्च (ओटेफ)ले दशैंको अवसरमा शुभकामना आदानप्रदानसँगै अन्तराष्ट्रिय पर्वतीय संग्रहालयको अवलोकन गरेको छ । पर्यटनलाई चलायमान गराउने उद्देश्य सहित पोखरा १७ रातोपैह्रो स्थित अन्तराष्ट्रिय पर्वतीय संग्रहालयको अवलोकन गरेको हो।

कार्यक्रममा गण्डकी प्रदेशका प्रदेश सभा सदस्य राजिव पहारीले कोरोना महामारीले सुस्ताएको पर्यटनलाई उकास्न अब पर्यटक लक्षित कार्यक्रममा जोड दिनुपर्ने बताउनुभयो। उहाँले पर्वतीय पर्वतारोहणबाट पर्यटकीय गतिविधि बढाएर पर्यटकलाई आर्कषक गर्न सकिने धारणा राख्नुभयो। सांसद पहारीले पर्यटकलाई अनअराइभल भिसा दिएर पर्यटकलाई डुल्न घुम्न सहज गराउनुपर्ने उहाँको भनाइ थियो। कोरोनाका कारण पर्यटन व्यवसायी निकै मर्कामा परेको उल्लेख गर्दै प्रदेशका अर्थमन्त्रीले करको दायरा बढाउने कुरा गर्नु 'गलगाड माथिको पिलो' जस्तै भएको बताउनुभयो । उहाँले आयको दायरा बढाउने कार्यक्रम ल्याउन आग्रह गर्नुभयो । पर्वतीय पर्वतारोहण सञ्चालक समिति सदस्य हरि लामिछाने संग्रहालयमा वार्षिक औषत साढे तीनलाखपर्यटक अवलोकनका लागि आउने गरेको जनाउँदै यसलाई पर्यटकको आकर्षक गन्तब्यको रुपमा विकास गर्न थप नीतिगत योजनाहरु आवश्यकता रहेको औल्याउनुभयो।

संस्थाका अध्यक्ष पार्वती पाण्डेले हिमालको देश भनेर चिनिने नेपालमा हिमाल आरोहीहरुको आरोहण क्रममा प्रयोग गरेका सामग्री संग्रहित संग्रहालय निकै महत्वपूर्ण रहेको जनाउँदै हिमाल पढ्न बुझ्नेहरुकालाई संग्रहालय महत्पूर्ण स्थल रहेको बताउनुभयो । कोरोना पछि समयमा संस्थाले पर्यटन प्रवर्द्धका लागि विभिन्न कार्यक्रमलाई जोड दिदै आएको उहाँको भनाइ थियो।

संस्थाका सल्लाहाकार देवकापहारीले कोरोनाका कारण सिजनको समयमा पनि पर्यटन क्षेत्र सुनसान बन्न पुगेको बताउनुभयो। उहाँले पर्वतीय संग्रहालयलाई पर्यटनको उत्कृष्ट गन्तब्यको रुपमा विकास गर्न थप प्रचार प्रसारको खाँचो औल्याउनुभयो । कार्यक्रममा ओटेफका संस्थापक अध्यक्ष जमुना पराजुली, उपाध्यक्ष उमा रेग्मी भण्डारी, सचिव ममता न्यौपाने लगायतले संस्थाको गर्दै आएको गतिविधि र भावि कार्यक्रमको बारेमा जानकारी दिनुभएको थियो।





पोखरा १६ का वडा सदस्य राजेश गुरुङ जनप्रतिनिधि भएपछि विहान बेलुका बाटो चाक्लो र राम्रो बनाउने चिन्तामा डुब्छन् । परिवारसँग सँगै जनताको सेवामा बढि रमाउने गुरुङलाई साथी भनेर भेट्न गयो जहिलेपनि डोजरको वरिपरि मात्र भेट्न पाइने १६ का स्थानीयवासी देव क्षेत्रीले बताए । उनै गुरुङ वुधवार दिप चोक देखि लामाचौर जाने वाटो चक्लाइ तथा स्तरउन्नती गर्ने क्रममा डोजरलाई निर्देशन दिंदै । फोटो-शोभकान्त सिग्देल

# टान पश्चिमाञ्चलद्धारा धवलागिरि हिमाल आरोही महिला सम्मानित

**पोखरापत्र संवाददाता**
**पोखरा, २० असोज**

धवलागिरि हिमालका प्रथम आरोही महिला पूर्णिमा श्रेष्ठलाई मङ्गलबार पोखरामा ट्रेकिङ एजेन्सिज् एशोसिएशन अफ नेपाल (टान) पोखराले सम्मान गरेको छ।

नेपाली आरोही महिलाले आठ हजार १६७ मिटर अग्लो हिमाल आरोहण गरेर कीर्तिमान राख्न सफल भएको भन्दै उहाँहरूलाई सम्मान गरिएको टान पश्चिमाञ्चलका प्रथम उपाध्यक्ष धर्मराज पन्थीले जानकारी दिनुभयो। उहाँले कोरोना महामारीमा सुस्ताइरहेको पर्यटनलाई उठाउन पर्वतीय पर्यटनको पनि महत्पूर्ण भूमिका हुने जनाउँदै पूर्णिमा र पासाङ ल्हामु शेर्पाले साहस तथा लगावले अन्तर्राष्ट्रिय जगत्मा समेत नेपालको शिर ठाडो गराउन सफल भएको धारणा राख्नुभयो।

सम्मानित आरोही पूर्णिमाले आरोहण आफैँमा चुनौतीपूर्ण काम भए पनि आफूले आत्मविश्वास र साहसका साथ धवलागिरि हिमाल आरोहण गर्न सफल भएको बताउनुभयो । कार्यक्रममा अर्की आरोही पासाङ ल्हामु अस्वस्थ भएका कारणले कार्यक्रममा उपस्थित हुन सक्नुभएन।

सेभेन समिट ट्रेकिङ कम्पनीबाट दुवै जना यही असोज २ गते आठ हजार १६७ मिटर अग्लो धवलागिरि हिमाल आरोहण गर्न सफल हुनुभएको थियो । फोटो पत्रकारसमेत रहनुभएकी पूर्णिमाले यसअघि सन् २०१८ मा सगरमाथा, सन् २०१७ मा मनास्लु र २०१९ मा आमाडब्बलम तथा सन् २०२१ मा अन्नपूर्ण हिमालसँगै धवलागिरि हिमाल पनि आरोहण गर्न सफल हुनुभयो । टान पश्चिमाञ्चलको सचिवालयमा संस्थाका पदाधिकारी र सदस्यको उपथितिमा आयोजित सम्मान कार्यक्रम सम्पन्न गरेको संस्थाका सचिव मिलन तिवारी जानकारी दिनुभयो।

# गण्डकी अटो मेकानिक्सद्धारा रक्तदान

**पोखरापत्र संवाददाता**
**पोखरा, २० असोज**

गण्डकी अटो मेकानिक्स वर्क्स एशोसिएशनको २८ औं वार्षिकोत्सवको अवसरमा २८ औं खुल्ला रक्तदान कार्यक्रम सम्पन्न गरेको छ।

संस्था स्थापना देखि नियमित गरिदै आएको कार्यक्रमको शुभारम्भ पहिलो रक्तदाता एशोसिएसनका सचिव विष्णुप्रसाद अधिकारीलाई पोखरा उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष विश्वशंकर पालिखेले ब्लड ब्याग हस्तान्तरण गरी गर्नुभएको थियो।

व्यवसायिक हितका लागि व्यवस्थित व्यवसाय गर्न सके सफल हुने प्रमुख अतिथि पालिखेले बताउनुभयो । ४६ जनाले रक्तदान गरेको कार्यक्रममा रक्तदानको महत्वमाथि रक्तसञ्चार केन्द्रका प्रमुख अर्जुन ज्ञवालीले आफ्नो धारणा राखेका थिए।

एशोसिएशनका अध्यक्ष सन्तोषकुमार मिश्रको सभापतत्वमा भएको कार्यक्रममा पूर्व अध्यक्ष कूलबहादुर नेपाली, प्रेस सल्लाहकार कृष्णबहादुर थापा, पूर्व ट्राफिक प्रमुख शिव बहादुर थापा, गण्डकी अटो मोबाइलका उपाध्यक्ष कृष्ण श्रेष्ठ, ४० औं पटक रक्तदान गर्ने शम्भु श्रेष्ठ, उपाध्यक्ष कृष्ण खाँड, महासचिव योगेन्द्र राजभण्डारी, कार्यक्रम संयोजक मियाल अन्सारी लगायतले आ आफ्नो धारणा राखेका थिए।

# गण्डकीमा ८४ जना कोरोना संक्रमणमुक्त

**पोखरापत्र संवाददाता**
**पोखरा, २० असोज**

गण्डकी प्रदेशमा पछिल्लो २४ घण्टामा ८४ जना कोरोना सङ्क्रमणमुक्त भएका छन् । यस अवधिमा ९३ जना सङ्क्रमित थपिएका छन् भने एक जनाको मृत्यु भएको गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ।

थपिनेमा कास्कीका ५७ जना, स्याङ्जाका १५ जना, लमजुङ र गोरखाका छ/छ जना, नवलपरासी पूर्वका पाँच र तनहुँका चार जना छन् । प्रदेशमा सक्रिय सङ्क्रमित एक हजार ४३ जना छन् भने होम आइसोलेशनमा ८९७ जना रहेका छन्। अद्यावधिक विवरणअनुसार प्रदेशमा कूल सङ्क्रमित ८६ हजार १८१ छन् भने हालसम्म निको हुनेको सङ्ख्या ८३ हजार ७६६ रहेको छ । सङ्क्रमणका कारण प्रदेशमा हालसम्म मृत्यु हुनेको सङ्ख्या एक हजार ३७२ पुगेको स्वास्थ्य निर्देशनालय प्रदेश स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रका संयोजक नवराज शर्माले जानकारी दिनुभयो।

## हिमाल...

हिमाल आरोहण गर्नुभएको थियो । उहाँको टिममा ४० जना थिए।

गोरखा आरुघाटकी पूर्णिमाको टोलीले यसअघि वैशाख ३ मा अन्नपूर्ण प्रथमको सफल आरोहण गरेर कीर्तिमानी बनाएका थिए। पूर्णिमाको टोली अन्नपूर्ण हिमाल आरोहण गर्ने पहिलो नेपाली महिला हुन् । उहाँले यसअघि सगरमाथा, मनास्लु र आमादब्लम हिमालको आरोहण गर्नुभएको छ । कार्यक्रममा टान पश्चिमाञ्चल क्षेत्रीय सङ्घका प्रथम उपाध्यक्ष धर्म पन्थी, फोटो पत्रकार सङ्घ गण्डकी अध्यक्ष राम गुरुङ, फोटो पत्रकार सङ्घ कास्कीका सचिव दुर्गा पौडेल, सहसचिव उमेश पुन, फोटो पत्रकार कृष्णमणि बराल, धनश्याम पौडेल, राधिका कँडेललगायतले श्रेष्ठको आरोहणले फोटो पत्रकारको गरिमालाई थप उँचो बनाएको धारणा राख्नुभयो।

## विकासका...

भएको उक्त गुम्बा उपयोग विहिन भएकोले गुम्बालाई प्रयोगमा ल्याउन मिल्ने गरी आवश्यक सहयोग गर्न पहल गर्ने मन्त्री बरालले बताउनु भयो । अघिल्लो सरकारको पालामा अत्यावसेक केही पूर्वाधार निर्माणको लागि प्रस्ताव पेश गरे पनि आफुहरुको माग सुनुवाई नभएको स्थानियले मन्त्री समक्ष गुनासो गर्दै उक्त योजनालाई आगामी बर्षमा पुरा गर्न माग गरेका छन् । साथै स्थानियले पुम्दी भुम्दीकै भाई छोराको रुपमा अर्थ मन्त्री पाएकोमा खुसि व्यक्त गर्दै पुम्दी भुम्दीको विकासमा उहाँले खेलेको भूमिका प्रति आभार व्यक्त गर्नु बाँकी अधुरा काम पुरा गर्न पहल गर्न आग्रह गर्नु भएको थियो । साथै अर्थ मन्त्री बराललाई अब आफुहरुले कुनै पार्टी भन्दा माथि उठेर उहाँलाई प्रदेशको मुख्यमन्त्रीसम्म बनाउन आवश्यक सहयोग गर्ने स्थानियले आर्शिरवाद समेत दिनु भएको थियो।

पोखरा २२ का वडा अध्यक्ष मित्रलाल बरालले मन्त्री बरालले मन्त्री हुनु पूर्व देखि नै पुम्दी भुम्दीको विकासमा अगुवाई गर्दै आएको बताउनु भयो । गुम्बा समितिका सल्लाहकार राजबहादुर गुरुङले एक सय मिटर टाडाबाट पनि मन्त्री देख्न नपाएका पुम्दी भुम्दीबासीले हाल आफ्नै घर गाउँको छोरालाई मन्त्रीको रुपमा पाउदा खुसिले गदगद भएको बताउनु भयो।

मन्त्री बरालले पुम्दी भुम्दीमा पुराएको योगदानलाई पुनः मुल्याङकन गरी पार्टीले उहाँ जस्ता व्यक्तिलाई आगामी निर्वाचनमा टिकट दिएमा आफुहरुले जिताउने उहाँले वचन दिनु भयो।

कालाबाङ सामुदायिक होमस्टेका अध्यक्ष प्रकाशचन्द्र गुरुङले अघिल्लो सरकारका मुख्यमन्त्री सहितका मन्त्रीहरुलाई केही योजना पेश गरे पनि आफ्नो केही माग पुरा नभएको अबस्थामा अर्थ मन्त्री बरालबाट केही न केही सम्बोधन हुने विश्वास व्यक्त गरे । मन्त्री बराललाई आगामी निर्वाचनमा कास्की निर्वाचन क्षेत्र नम्बर ३ ख बाटै आफुहरुले मतदान गर्न पाउने गरी टिकट दिनुपर्ने माग गर्नु भयो । गुम्बा समितिका अध्यक्ष लोकप्रसाद गुरुङको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा उपाध्यक्ष शर्मिला गुरुङ, सचिव कृष्ण गुरुङ लगायतले बोल्नु भएको थियो । उक्त अवसरमा गुम्बा समितिका पदाधिकारी सहितका स्थानियले मन्त्री बराललाई फुल मालाले स्वागत तथा सम्मान गरेका थिए । २०४९ सालमा करिब ५० लाखको लागतमा निर्माण भएको उक्त गुम्बा हाल ढलाल चुहिने, कोठामा पानी रसाउने लगायतको समस्याले हाल प्रयोग गर्न नसक्ने अबस्थामा पुगेको उपाध्यक्ष गुरुङले बताउनु भयो।

# काँग्रेसले भन्यो : ग्रामिण क्षेत्रका सडक सहज बनाउ

**श्रीकृष्ण सिग्देल**
**स्याङ्जा, २० असोज**



चाडवाड नजिकिए सगै ग्रामिण क्षेत्रका सडकहरु सहज बनाउन माग गरिएको छ। नेपाली काँग्रेसले दशैतिहार मनाउन गाँउ फर्केने नागरिकलाई यात्रामा सहज बनाउन माग गर्दै स्थानीय पालिकाहरुलाई अनुरोध गरेको छ।

बर्षादले ग्रामिण क्षेत्रका सडकहरु अवरुद्ध देखि जिर्ण अबस्थामा पुगेकाले सडकलाई सहज बनाउन काँग्रेसले स्थानीय सरकारलाई आग्रह गरेको हो । पुतलीबजार नगरपालिका र बिरुवा गाँउपालिकाका प्रमुखलाई दुवै पालिकाका पार्टी सभापतिले ज्ञापन पत्र बुझाउदै चाडवाडमा नागरिकलाई सहजपुर्ण रुपमा यात्रा गर्ने बातावरण मिलाउन आग्रह गरेका हुन्।

पुलतीबजार नगर सभापति सुरजकुमार अधिकारी र बिरुवा गाँउपलिका सभापति डोलराज पोखेलले छुट्टाछुट्टै प्रेस बिज्ञप्ती जारी गरि बर्षादले गर्दा ग्रामिण सडकहरुमा सवारी आवागमनमा कठिनाई देखिएकाले अविलम्व छिटो सडक मर्मत गरी सहजता प्रदान गर्न विज्ञप्ती मार्फत आग्र गरेका छन्। दशैतिहारमा गाँउ फर्केर्ने मानिसको चाप बढ्छ विरुवा गाँउपालिका सभापति पोखेलले भने,"सडक जिर्ण, यात्रुको सवारी चाप बढ्ने हुदाँ दुर्घट्ना हुन नदिन ध्यानाकर्षण गरेका हौं।

नागरिकको यात्रालाई सहजता र चाडवाडका बेला दुर्घट्ना नहोस भनेर स्थानीय सरकारलाई चासो देखाएका हौ उनले भने। अधिकांश सडक खाल्डाखुल्डी परेर यात्रामा असहजता पैदा भएकाले छिटो सडक मर्मत गर्न विज्ञप्ती मार्फत आग्रह गरिएको छ । यस कार्यमा हातेमालो गर्न काँग्रेस पार्टी तयार रहेको पनि विज्ञप्तीमा उल्लेख गरिएको छ। विज्ञप्ती मार्फत सबै पालिकावासीलाई संस्कृति र संस्कारको जर्गेन ागर्ने पर्वलाई हर्सोल्लास रुपमा मनाउन आग्रह गर्दै शुभकामना व्यक्त गरिएको छ। यता पुतलीबजार नगर सभापति अधिकारीले पनि ग्रामिण क्षेत्रका सडकलाई ममर्त गरि यातायातमा सहजता प्रदान गर्न पुतलीबजार नगरपालिकालाई आग्रह गरेको छ।

दुबै सभापतिले स्थानीय सरकारका प्रमुखलाई ज्ञापनपत्र समेत बुझाएका छन् । ज्ञापनपत्र बुझ्दै दुवै सरकारका प्रतिनिधिले छिटो भन्दा छिटो ग्रामणि सडकलाई सहजता बनाउने प्रतिवद्धता व्यक्त गरेका थिए।

# घरेलु टोली क्यासलले फाइनलमा सविन बाहिरियो

**पोखरापत्र संवाददाता**
**पोखरा, २० असोज**



घरेलुटोली स्पोर्ट्स क्यासलले राष्ट्रिय ए डिभिजन फुटसल लिगको फाइनल प्रवेश गर्दा सविन मेमोरियल भने बाहिरीएको छ।

पोखरा रंगशाला बहुउदेश्यीय कभर्डहलमा फाइनल प्रवेशका लागि भएको खेलमा क्यासलले द राइजिङ क्लब धरानलाई ८-६ को गोल अन्तरले हराउँदै जित हात पारको हो। अत्यन्तै प्रतिस्पर्धात्मक खेलको सुरुवातमा क्यासले २ गोलको अग्रता लिएपनि जित हातपार्न भने निकै हम्मे हम्मे पऱ्यो। क्यासललाई फाइनलमा पुऱ्याउन सुमित श्रेष्ठ (मेस्सी) नायक बने । खेलको चौथो मिनेटमा किशोर गुरुङले गोल गर्दै क्यासललाई अग्रता दिलाए। छैटौं मिनेटमा विजय गुरुङले गोल गर्दै अग्रता दोब्बर पारे । २ गोलले पछि परेको राइजिङले नवौं मनेटमा हेमन्त थापाको गोलमा खेलमा फर्कने आशा दिलाए। १२ औं मिनेटमा मिलन राईले बराबरी गोल फर्काए। १३ औं मिनेटमा सुदिप गुरुङले गोल गर्दै राइजिङलाई अग्रता दिलाए। २३ औं मिनेटमा हेमन्तले पनि व्यत्तिलगत दोस्रो गोल गर्दै राइजिङलाई ४-२ को स्थितिमा पुऱ्याए। खेलको २८ औं मिनेटमा किशोरले व्यक्तिगत दोस्रो गोल गर्दै क्यासललाई अग्रता घटान मद्धत गरे । २८ औं मिनेटमा सुमितले पनि व्यक्तिगत दोस्रो गोल गर्दै खेल बराबरीमा ल्याए। ३१ औं मिनेटमा राइजिङका मिलनले व्यक्तिगत दोस्रो गोल गर्दै टोलीका लागि चौथो गोल गरे । ३२ औं मिनेटमा सुदिपले पनि व्यक्तिगत दोस्रो गोलमा टोलीलाई ६-४ को स्थितिमा लगे । दबाबमा परेको क्यासलका लागि ३४ औं मिनेटमा सुमितले गोल गरे । उनले ४० औं मिनेटमा ह्याट्रिक पुरा गर्दै टोलीलाई खेलमा फर्काए।


सोहि समय अर्थात ४० औं मिनेटमा क्यासलका किशोरले पनि ह्याट्रिक पुरा गर्दै खेल बराबरीमा ल्याए । यस अघि ३९ औं मिनेटमा सुरज गुरुङले क्यासलका लागि गोल गरे। क्यासल लिग तालिकाको शिर्ष स्थानमा रहँदै प्लेअफमा पुगेको थियो। यस्तै राइजिङपनि दोस्रो स्थानमा रहँदै प्लेअफमा पुगको थियो । यस्तै सविन मेमोरियल शंखमुलसंग ३-२ को हार व्यहोर्दै प्लेअफबाट बाहिरीएको छ । अब शंखमुलले फाइनल प्रवेशका लागि द राइजिङ क्लब धरानसंग खेल्ने छ । शंखमुलका जेनिश प्रजापतिले खेलको ११ औं मिनेटमा गोल गर्दै टोलीलाई अग्रता दिलाए। पहिलो हाफ १ गोलको अग्रता लिएको शंखमुलले दोस्रो हाफमा थप २ गोल गऱ्यो। क्रिजल खड्काले २४ औं मिनेटमा गोल गर्दै अग्रता दोब्बर पारे । सविनका सरोज गुरुङले २७ औं मिनेटमा गोल गर्दै अग्रता घटाए । शंखमुलका क्रिजलले ३० औं मिनेटमा व्यक्तिगत दोस्रो गोल गर्दा शंखमुल ३-१ ले अघि रह्यो। सविनले पाएको अवसरको सदुपयोग गर्न नसक्दा हार व्यहोरेको हो । खेलको ३५ औं मिनेटमा मनोज गुरुङले गोल गर्दै अग्रता घटाएपनि अवसरको सदुपयोग गर्न नसक्दा हार व्यहोरेको हो।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# बजार अनुगमन बढाऊ

चाडपर्व नजिक आउन थालेपछि बजारमा उपभोक्ताको भिड लाग्छ। दैनिक उपभोग गर्ने वस्तु तथा सेवा लिन उपभोक्ता तल्लिन हुन्छन् । चाडपर्व मनाउन जहाँ भएपनि आफ्नै घरमा आउने हुँदा दैनिक उपभोग्य वस्तुको अधिक खरिद हुन्छ। यही मौकामा बढीभन्दा बढी कमाउन खोज्नेले बढी मूल्य लिने गर्दछन । कहिलेकाहीँ कृत्रिम अभाव खडा गर्ने र कालोबजारी गर्दछन। कम गुणस्तर र तौलका सामान बेच्ने गर्दछन। उपभोक्ता नठगिउन भनेर बजार अनुगमन गर्ने गरिन्छ । ठूलादेखि साना बजारमा अनुगमनको चटारो सुरु हुन्छ । प्रत्येक जिल्लामा अनुगमन गर्ने टोली बनाइन्छ । सदरमुकाम केन्द्रित अनुगमन केही समय तातिन्छ र चाडपर्व सकिएसँगै सेलाउने गर्छ।बजारको बेथिति रोक्न अनुगमन गरिन्छ।

अनुगमन कर्मकाण्ड जस्तै हुने गरेको छ। सरोकारवाला निकायले एकीकृत रूपमा अनुगमन गर्न नसक्दा बेला मौकामा हुने अनुगमन केवल झारा टार्ने काम मात्रै भएको छ। बजारको स्वरूपको आधारमा बजार अनुगमन नहुँदा व्यापारीले मनपरी गर्दै आइरहेका छन । मौसमी अनुगमन त्यस्ता व्यापारीका लागि अनुकूल बनेको छ। नेपालमा सानातिना कारण देखाउनेबित्तिकै बजारमा कृत्रिम अभाव हुन्छ । यसै समयमा जथाभावी मूल्यवृद्धि गर्ने प्रवृत्ति हाबी हुन्छ । अझै चाडपर्वको समयमा त मूल्यले आकाश नै छुन्छ । तर, दैनिकी टार्नैपर्ने बाध्यताका कारण उपभोक्ता बाध्य भएर किन्छन्। मौसमी बजार अनुगमनको सकारात्मक असर बजारमा खासै नपर्ने भएकाले उपभोक्ताले यो विषयलाई चासो पनि दिँदैनन् । अनुगमन टोलीलाई पनि बजारको अवस्था खासै थाहा हुँदैन। अन्योलमा बजारको अवस्था नबुझी गरिने बजार अनुगमन प्रभावकारी छैन ।

बजारमा प्रचलित कालोबजारीसम्बन्धी ऐनले तोकेको २० प्रतिशतभन्दा बढी नाफा लिन नपाइने भन्ने कानुनी व्यवस्थाको पालना कतै भएको देखिदैन।बजार अनुगमन कार्यविधिअनुसार बजार अनुगमनको पूर्वतयारीमा धेरै मेहनत गर्नुपर्छ । अनुगमन गर्नुपर्ने वा नपर्ने उजुरी वा गुनासाहरूको विवरण समयमा नै तयार पार्नुपर्छ। मुचुल्का फारमदेखि अनुगमन टोलीको विवरण तयार पारी सदस्यलाई जानकारी गराई तयार राख्नुपर्छ । जाँच गर्दा वा खानतलासी गर्दा अपनाउनुपर्ने कार्यविधि तयार पारी आचारसंहिताको पूर्ण पालना गर्नुपर्छ। आचारसंहिताको विषयमा टोली सदस्यहरू जानकार हुनुपर्छ। तर, अहिलेका अनुगमन औपचारिकतामा सीमित छन् । अनुगमन टोलीका सदस्य आचारसंहिताका विषयमा जानकार हुँदैनन् । अल्मलमा बजार पुग्छन् र पूर्वतयारी बिनाको अनुगमन सकेर फर्कन्छन्। एक, दुईवटा अनुगमनका समाचार बनेपछि काम देखिन्छ र एक वर्षलाई ढुक्क हुन्छ । बनाइएका कार्यविधि र निर्देशिका बेकामे बनेका छन । प्रमुख जिल्ला अधिकारी नेतृत्वमा गरिने बजार अनुगमन अहिले स्थानीय तहका जनप्रतिनिधि आफैंले पनि गर्न सक्छन् ।

स्थानीय तहमा नै बजार अनुगमनका लागि निर्देशिका र कार्यविधि बनेका छन् । बजारमा हुने कालोबजारी र बेथितिलाई रोक्ने अधिकार उनीहरूले पाएका छन् । बजार अनुगमन गर्ने निश्चित समय र बार हुँदैन। जुनै समय पनि उपभोक्ताको अधिकार सुरक्षित गर्न उनीहरूले कदम चाल्न सक्छन् । मात्र उनीहरूमा इच्छा चाहिँ हुनुपर्‍यो । बजार अनुगमन गर्ने हल्ला गरेर बजार पुग्दा बेथिति रोकिँदैन । यसो गरे उपभोक्ता होइन कालोबजारी गर्नेलाई फाइदा पुग्छ । उपभोक्ताको अधिकार सुरक्षित गर्न उपभोक्ता संरक्षण ऐन २०७५ छ। सर्वसाधारण जनताको हित र सामाजिक कल्याणका निमित्त उपभोक्ता अधिकारको क्षेत्रमा यो कानुन बनेको हो । यसमा उपभोक्ता अधिकार प्रत्याभूत गरिएको छ। उपभोक्ता प्रतिकूल कार्यलाई निषेधित गरिएको छ। कसुरको गम्भीरता हेरी कैद वा जरिवाना गर्ने व्यवस्था छ । पीडितलाई क्षतिपूर्ति दिने व्यवस्था गरिएको र अनुगमन समितिको व्यवस्था पनि ऐनमा नै छ । बजारमा ठगी गर्नेलाई तह लगाउन नै ऐन बनाइएको हो । जनतालाई सुशासनको प्रत्याभूति दिलाउन बजारलाई अराजक बन्न दिनुहुँदैन ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : मन चञ्चल |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : शारीरिक झमेला | धनु | : कार्यमा सफलता |
| कर्कट | : शत्रुको भय | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : झमेला बढ्ने | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

# अमर प्रहरीका परिवारलाई सम्मान

पोखरापत्र संवाददाता
दमौली, २० असोज

प्रहरी दिवसका अवसरमा तनहुँमा अमर प्रहरीका परिवारलाई सम्मान गरिएको छ। जिल्ला प्रहरी कार्यालय तनहुँले आज आयोजना गरेको कार्यक्रममा कर्तव्य पालनका क्रममा दिवङ्गत भएका अमर प्रहरीका परिवारलाई सम्मान गरिएको हो।

प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्याल र प्रहरी उपरीक्षक दिनेशराज मैनालीले अमर प्रहरीका परिवारलाई दोसल्ला ओढाएर सम्मान गर्नुभयो। सम्मान कार्यक्रममा सहभागी अमर प्रहरीका परिवार भावुक बनेका थिए। सोक्रममा १८ जना अमर प्रहरीका परिवारलाई सम्मान गरिएको थियो। सोही कार्यक्रममा उत्कृष्ट कार्य गर्ने प्रहरीहरूलाई प्रहरी उपरीक्षक मैनालीले नगद पुरस्कारले पुरस्कृत गर्नुभयो। प्रहरी दिवसकै अवसरमा आयोजित व्याडमिन्टन प्रतियोगिताका विजेतालाई पनि पुरस्कृत गरिएको छ। ए लेभलतर्फ प्रथम हुन सफल प्रहरी नायब उपरीक्षक युवराज तिमिल्सिना र प्रहरी जवान धनबहादुर गुरुङ, द्वितीय हुन सफल विक्रम रेउले र लालबहादुर थापालाई सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले पुरस्कार प्रदान गर्नुभयो। बि लेभलतर्फ प्रथम हुन सफल भिमनाथ गौतम र टुकबहादुर चौधरी तथा द्वितीय हुन सफल रामशरण राना र चन्दसिं बस्नेतलाई कालीभञ्जन गण (इ) का प्रमुख सेनानी मनोज गुरुङले पुरस्कार प्रदान गर्नुभयो। कार्यक्रममा प्रमुख जिल्ला अधिकारी अर्यालले शान्तिसुरक्षा कायम र अपराध नियन्त्रणमा प्रहरीको भूमिका उच्च रहँदै आएको बताउनुभयो।

उहाँले समुदाय र प्रहरीको सहकार्यले मात्रै विकृति, विसङ्गति अन्त्य गर्न सकिने बताउनुभयो । सामुदायिक प्रहरी सेवा केन्द्रका अध्यक्ष दुर्गाभक्त अधिकारीले प्रहरीका हरेक काममा समुदायको सहकार्य रहने प्रतिबद्धता व्यक्त गर्नुभयो।

# एक हजार ४३ संक्रमित

रासस
काठमाडौं, २० असोज

नेपालमा पछिल्लो २४ घन्टामा बुधबार एक हजार ४३ जनामा कोरोना सङ्क्रमण देखिएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार १५ हजार ४६५ जनामा कोरोना परीक्षण गर्दा सो सङ्ख्यामा सङ्क्रमण पाइएको हो। आज थपिएकासँगै देशभर सक्रिय सङ्क्रमितको सङ्ख्या १६ हजार १९४ पुगेको छ।

पाँच सयभन्दा बढी सङ्क्रमित भएका जिल्ला आठ र २०० भन्दा बढी सङ्क्रमित भएका जिल्ला १९ रहेका छन् । आज ८९१ जना सङ्क्रमणमुक्त भएका छन् । नेपालमा हालसम्म सङ्क्रमणमुक्त हुनेको सङ्ख्या सात लाख ७२ हजार २२९ रहेको छ।

नेपालमा सङ्क्रमणमुक्त हुने दर ९६.६ प्रतिशत रहेको छ। यस्तै सङ्क्रमणबाट पछिल्लो २४ घण्टामा १२ जनाको निधन भएको छ । अहिलेसम्म सङ्क्रमणबाट ११ हजार १९२ जनाको निधन भइसकेको छ । आज ५९ हजार ३७६ जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन् । यस्तै अहिलेसम्म ७९ लाख ६२ हजार ६४७ ले पहिलो मात्रा र ६४ लाख १९ हजार ४८० ले पूर्ण मात्राको खोप लगाएका छन् ।

# बेनी अस्पताल: आकस्मिक बाहेकको सेवा ठप्प

रासस
म्याग्दी, २० असोज

तीन महिनादेखिको तलब नपाएपछि बेनी अस्पतालका चिकित्सक, स्वास्थ्यकर्मी र कर्मचारी बुधबारदेखि आन्दोलनमा उत्रिएका छन् । आन्दोलनका कारण ६४ शय्या बराबरको सुविधा दिइरहेको अस्पतालको आकस्मिक बाहेकको सेवा ठप्प भएको छ। औषधि उपचार र प्रशासनिक काम ठप्प पारेर चिकित्सक, स्वास्थ्यकर्मी र कर्मचारी आकस्मिक कक्ष अगाडि धर्ना बसेका छन् ।

उनीहरूले बहिरङ्ग, प्रयोगशाला, आँखा उपचार, एक्सरेलगायत औषधि उपचारसम्बन्धी सेवाका साथै प्रशासनिक काम ठप्प पारेका छन् । अ नर्स मनदेवी गौतमले चाडपर्व नजिकिएको र लामो समयको बिदा सुरु हुन लाग्दासमेत तलब नदिएकाले बाध्य भएर आन्दोलनमा उत्रनुपरेको बताउनुभयो । "अस्पताल प्रशासन, व्यवस्थापन समितिमार्फत लेखा शाखामा पटक-पटक आग्रह गर्दा पनि सुनुवाइ नभएपछि बाध्य भएर आन्दोलनमा उत्रनुपरेको हो," उहाँले भन्नुभयो "अहिलेसम्म तलब आउने आशामा कुरेर बसेका थियौं । चाडपर्वको मुखमा अन्तिम अवस्थामा तलब नदिएपछि आन्दोलन गर्नुपरेको हो ।" आन्दोलनका कारण सेवा लिन आएका सर्वसाधारण मर्कामा परेका छन् । आँखा दुख्ने समस्या भएपछि उपचारका लागि आएका रघुगङ्गा गाउँपालिका-३ का डम्मरबहादुर कार्कीले सेवा नपाउदा समस्या भएको बताउनुभयो । बिरामी बच्चाको उपचारका लागि आएकी मङ्गला गाउँपालिका-१ कुहुँकी देबी खत्रीले आन्दोलनका कारण सेवा नपाउँदा मर्कामा परेको दुखेसो व्यक्त गर्नुभयो । दृष्टिबिहीन छिमेकीको उपचारका लागि आएका बेनी नगरपालिका-२ भकुण्डेका गणेश सुवेदीले पनि सेवा नलिइ घर फर्कदा दुःख मात्र पाएको गुनासो गर्नुभयो।

अस्पतालमा स्थायी र करार दरबन्दीका विभिन्न पदमा १२३ जना चिकित्सक, कर्मचारी र स्वास्थ्यकर्मी छन् । गत साउन महिनायता कसैले पनि तलब पाएका छैनन् । अस्पताल व्यवस्थापन समितिका अध्यक्ष बेलबहादुर कटुवालले कोष तथा लेखा कार्यालयले अन्य दुई वटा कार्यालयसमेत हेर्नेगरी खटाएका लेखापाल नारायण सुवेदीले अस्पताललाई प्राथमिकता नदिएको र ढिलासुस्ती गरेर समस्या भएको बताउनुभयो।

गण्डकी प्रदेश सरकार अन्तर्गतको अस्पतालमा लेखापालको दरबन्दी नहुँदा कोलेनिकाले खटाउने गरेको छ। आर्थिक वर्षको पहिलो महिना मन्त्रालय फुटेको र अख्तियारी आउन ढिलाइ भए पनि त्यसपछिको समयमा लेखापालले समय नदिएकाले तलबका साथै अन्य भुक्तानीका काम रोखिएको अस्पतालका प्रमुख चिकित्सक जीतेन्द्र कँडेलले बताउनुभयो । लेखापाल सुबेदीले भने धेरै कार्यालयको जिम्मेवारी भएको र महालेखा परिक्षकको टोली लेखापरीक्षणमा आएकाले अस्पतालमा समय दिन समस्या भएपनि तलब भुक्तानीको प्रक्रिया अन्तिम चरणमा रहेको उहाँले जानकारी दिनुभयो । चिकित्सक, स्वास्थ्यकर्मी, कर्मचारी, प्रशासन, कोलेनिका, अस्पताल प्रशासन र ब्यवस्थापन समितिबीच छलफल गरेर सेवा सञ्चालन गराउन पहल गरेको प्रमुख डाक्टर कडेलले बताउनुभयो।

# फेवा सहकारीको प्रशिक्षण कार्यक्रम सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २० असोज



फेवा बचत तथा ऋण सहकारी सस्थाको जिरो कि मि मा निर्मित सहकारी भवनमा आश्विन २१ गते देखी नयाँ भवनबाट बैकिङ्ग सेवा संचालन गर्ने लक्ष सहित सहकारीको परिचय र सहकारी प्रशिक्षण कार्यक्रम सम्पन्न गर्‍यो

प्रशिक्षण कार्यक्रममा मिजुरे गा बि स का पुर्ब वडा अध्यक्ष एवं नादान तमु समाजका अध्यक्ष चेत बहादुर गुरुङ्ग को प्रमुख अतिथिमा सम्पन्न कार्यक्रम को पानसमा दिप प्रज्जलन गरि कार्यक्रमको उद्घाटन गर्नु हुदै फेवा सहकारी सस्थाले आफ्नो नया भवन बाट बैकिङ्ग कारोबार शुभारम्भ गर्ने लक्ष्यका साथ फेवा सहकारीको परिचय र सहकारी प्रशिक्षण कार्यक्रम राखी १२ र १३ नं वडालाई लक्षित गरि राखिएको कार्यक्रमले यस भेगका शेयर सदस्य लगायत अन्य सहभागीले समेत सहकारीका बारेमा ब्यबस्स्थित र राम्ररी बुझ्ने गरि तालिम दिनुभएको फेवा सहकारीको उत्तरोतर प्रगतिको कामना गर्नु भयो ।

उक्त प्रशिक्षण कार्यक्रममा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ का संचालक प्रमुख प्रशिक्षक भिम गुरुङ्ग र सहकारीका प्रमुख कार्यकारी अधिकृत हरिभक्त पौडेललै सहकारीका बारेमा जानकारी गराउनु हुदै हामीले बैकमा शेयर हाल्दा थोरै मात्र पाइन्छ तर साहु भईदईन तर सहकारीमा बचत खाता खोल्न समेत शेयर सदस्य बन्नुपर्छ पर्छ र सहकारीमा खाता खोल्यो भने साहु हुन पाउने फरक भएको औंल्याउनु हुदै बैक भनेमा कोहि साहु हुन्छ हामि होइन तर सहकारी भनेको हामि आफै साहु बन्ने जस्ता ऋण लिने, बचत गर्ने, अशुली समेतका बिषयमा बुझ्नेगरि सरल तरिकाले १ सय ५० जना ताई तालिम दिनु भयो। उक्त प्रशिक्षण कार्यक्रममा वडा न १२ र १३ का शेयर सदस्यहरूलाई लक्षित गरि २१ गते देखी नया भबन बाट बैकिङ्ग कारोबार संचालन गरिने कार्यक्रमको जानकारीका साथ भेटघाट तथा प्रशिक्षण कार्यक्रममा फिर्के तमु समाज र फिर्के आमा समूह का पदाधिकारी सदस्य, याङ्जाकोट तमु समाज का अध्यक्ष चन्द्र बहादुर गुरुङ्ग लगायत सदस्यहरू, माले पाटन टोल विकास सस्थाका अध्यक्ष निर्मल खत्री, अभियान यसबाट क्लबका अध्यक्ष राजु गिरी, नि बर्तमान अध्यक्ष मोहन के सी, एकल महिला क्लबका अध्यक्ष राजन कुमारी थापा लगायतका हरूले आ आफ्नो बिचार ब्यक्त गर्नु हुदै फेवा सहकारीको कारोबारका बिषयमा चर्चा गर्नुहुँदै आफू र आफ्ना सदस्य र सस्थालाई फेवामा आबद्धता गराउने बचन दिनुभएको थियो।

उक्त कार्यक्रममा सहकारीका ऋण अशुली उप समितिका सदस्य तिलु गुरुङ्गले स्वागत गर्नुभएको उक्त प्रशिक्षण कार्यक्रममा फेवा बचत तथा ऋण सहकारी सस्थाका उपाध्यक्ष एवं कार्यबाहक अध्यक्ष सम्मर बहादुर श्रेष्ठको सभापतित्वमा सम्पन्न कार्यक्रमको सहकारीका शेयर सदस्य श्याम गुरुङ्गले कार्यक्रम संचालन गरेका थिए।

# सेलवेजको २९ औं शाखा शान्तिनगर पोखरामा

पोखरापत्र संवाददाता
पोखरा, २० असोज




सेलवेज डिपार्टमेन्टल स्टोरले पोखराको शान्तिनगरचोकमा २९ औं शाखा बिस्तार गरेको छ।

असोज २१ गते बिहिबारदेखि पोखरामहानगरपालिका७शान्तिनगर स्थित वराल पेट्रोल पम्पसंगै रहेको व्यापारिक भवनबाट औपचारिक सेवा शुभारम्भ गर्न लागेको सेलवेज डिपार्टमेन्टल स्टोर र सेल्सबेरी डिपार्टमेन्टल स्टोर प्रा.लिका गण्डकीप्रदेशप्रमुखदयाल गिरीले जानकारी दिए। पोखरामा शान्तिनगरमा नयाँ सेवा बिस्तार गरिएको शाखा पोखराका लागि छैटौं तथा समग्रमा २९ औं शाखा हो, प्रमुख व्यवस्थापक दयालले भने, यसको लागत करिब ८ करोडको रहेको छ। यस नयाँ शाखामा खाद्य सामग्रीका सम्पूर्ण सामान बिक्रीमा रहनेछन् । स्थानिय उपभोक्ताका लागि तथा लेकसाईडका होटल तथा रेष्टुरेन्टका लागि आवश्यक पर्ने सबै सामग्रीहरु यो शाखामा पाइने गिरिले बताए। स्टोरको भुईं तलामा खाद्य सामग्री र सौन्दर्यका सामग्री राखिएको छ । पहिलो तलामा इलेक्ट्रोनिक सामग्री र दोश्रो तलामा आधुनिक फर्निचरका सामग्रीहरु राखिएको छ।

पोखराशान्तिनगरमाखोलिएकोयो शाखाबाट शुभारम्भको अवसरमा १० प्रतिशतसम्म छुटको व्यवस्था गरिएको छ भने फ्रि होम डेलिभरीको व्यवस्था समेत गरिएको बताइएको छ । सेलवेज र सेल्सबेरीका गण्डकी प्रदेश प्रमुख दयाल गिरी पत्रकार सम्मेलनमा जानकारी दिदैं । सेलवेजले सन् १९९३ देखि पोखराको चिप्लेढुंगाबाट सामान्य खाद्य पसलबाट सेवा आरम्भ गरेको थियो । तर अहिले देशका विभिन्न ठाउँबाट सेवा दिदैं आएको छ । निकट भविष्यमै पोखरा र लेखनाथका केही स्थानमा आउटलेट बिस्तार गर्ने योजना रहेको कंपनीले जनाएको छ। विशेषतः सेलवेज डिपार्टमेन्टल स्टोर प्रा.लि.ले पोखरा र काठमाडौंका विभिन्न स्थानका शाखाहरुबाट सेवा दिईरहेको छ । सेलवेज र सेल्सबेरी सहित पोखरा शान्तिनगरमा खोलिएको छैटौं शाखा पनि आम ग्राहकको रोजाईमा पर्ने गिरिले बताए। उनले भने, हामी हाम्रो सेवामा विश्वास गर्छौं, गुणस्तरमा ध्यान दिन्छौं र ग्राहकलाई सन्तुष्ट पार्छौं। उनका अनुसार पोखरामा हाल चिप्लेढुंगा, लेकसाईड, विरौटा, भद्रकाली र बगरमा शाखाहरु रहेका छन् । काठमाडौंमा सातदोबाटो, सितापाईला, महाराजगञ्ज, चक्रपथ, झम्सिखेल, बत्तिसपुतली, इमाडोल, कोटेश्वर, लोकन्थली, नयाँबस्ति, पेप्सिकोला, मुलपानी, मैजुवहाल, ककनी, सुकेधारा, हात्तिगौंडा, धापासी, पुरानो बानेश्वर, मध्येबानेश्वर, बनेपा, बालुवाटार, भक्तपुर र भैंसेपाटीमा शाखाहरु संचालनमा रहेका छन। पोखराको सेलवेज काठमाडौं सन् २००४ मा प्रवेश गरेको हो । २०१४ बाट सेल्सबेरीको नामबाट पनि शाखाहरू संचालनमा आएका थिए। यी दुई कम्पनी सिस्टर कम्पनीका रुपमा संचालनमा रहेको कंपनीले जनाएको छ। कम्पनीले नयाँ वर्ष २०७९ सालबाट काठमाडौंको महाराजगञ्जमा अन्तराष्ट्रिय स्तरको सुविधा सम्पन्न मल संचालनमा ल्याउने तयारी गरिरेहेको छ । यता कास्कीको लेखनाथमा नयाँ शाखा बिस्तारको तयारी पनि गरिएको प्रमुख व्यवस्थापक दयाल गिरिले जानकारी दिए।

# कागबेनीमा श्रद्धालुको भीड

पोखरापत्र संवाददाता
पर्वत, २० असोज

सोह्रश्राद्धको अन्तिम दिन औंसी तिथिमा श्राद्ध गर्नका लागि मुस्ताङको कागबेनी भरिभराउ भएको छ।

जोमसोमदेखि कागबेनी आसपासका होटल तथा रेष्टुरेन्टमा सर्वसाधारणको चाप बढेको छ । धार्मिक तीर्थस्थल बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको कागबेनी श्राद्धस्थलमा सर्वसाधारणको भीड लागेको हो।

दसैंअघि सोह्रश्राद्धको औंसी तिथि पारेर कागबेनीमा पिण्डदान गर्नाले मोक्ष प्राप्ति हुने जनविश्वास छ । मुस्ताङ बाहिरका सर्वसाधारण सोह्रश्राद्ध सुरु भएदेखि नै सो क्षेत्रमा प्रवेश गर्न थालेका थिए। औंशीमा भने श्राद्धका लागि कागबेनी पुग्नेहरू धेरै नै भएको मुस्ताङका प्रमुख जिल्ला अधिकारी श्रीनाथ पौडेलले जानकारीदिनुभयो।

"अन्य वर्षमा जस्तो यस वर्ष छैन, कोरोना महामारीका कारण केही कडाइ गरिएको छ तर पनि मानिसको भीड छ", उहाँले भन्नुभयो, "यहाँ आउनकालागि कोरोना खोप लगाएको वा तत्कालै कोरोना नेगेटिभ भएको हुनुपर्नेछ।" मङ्गलबार दिउँसै १०० बढी गाडी मुस्ताङ भित्रिएको उहाँले बताउनुभयो।



घटस्थापनाको अघिल्लो दिन संगमटोल विकास संस्था-१३ ले शुभकामना आदान प्रदान कार्यक्रम तथा सरसफाई कार्यक्रम गरेको छ। - फोटो पोखरापत्र ।

# शुभकामना आदान प्रदान तथा सरसफाई कार्यक्रम

**पोखरापत्र संवाददाता**
**पोखरा, २० असोज**

सामुदायिक सेवा केन्द्र एवं सामुदायिक प्रहरी सेवा माटेपानी -१२ को आयोजनामा समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत आउदै गरेको विजया दशमी तथा शुभ दिपावली र छट पर्वको उपलक्षमा शुभकामना आदान प्रदान तथा पोखरा १४ मा रहेको मनकामना मन्दिर सरफाई कार्यक्रम गरेको छ।



सामुदायिक सेवा केन्द्र एवं सामुदायिक प्रहरी सेवा पोखरा -१२ माटेपानीका अध्यक्ष बल बहादुर कार्की को अध्यक्षयतामा भएको कार्यक्रमको प्रमुख अतिथी वडा नं. १४ का वडा अध्यक्ष प्रेम बहादुर कार्कीले सम्पूण वडावासी नागरिकलाई विजया दशमिको शुभकामना दिदै विकृति विसंगति अन्तत्य गर्न सबैले आ-आफ्नो ठाउँबाट सकरात्मक प्रायस गर्नु पर्छ भन्दै मन्दिरमा कुचोले सफा गरि कार्यक्रम उद्घाटन गर्नुभयो।

बिशेष अतिथि सामुदायिक सेवा एवं सामुदायिक प्रहरी सेवा जिल्ला समन्य समिति कास्कीका अध्यक्ष बोधराज कार्की, सामुदायिक सेवा केन्द्र एवं सामुदायिक प्रहरी सेवा माटेपानीका संस्थापक अध्यक्ष माया देवी तभ्या, सल्लाहकार विश्वलाल श्रेष्ठ, मनोहर युवा क्लवका अध्यक्ष रामजी जि.सी. समाज सुधार आमा समुहका अध्यक्ष लक्ष्मी जि.सी. समाज सेवी ईन्द्रमाया बानियालगायतले कार्यक्रममा आ-आफ्नो भनाई राख्नुभएको थियो । कार्यक्रममा सामुदायिक सेवा केन्द्रका पदाधिकारी प्रहरी कर्मचारी, टोल बिकास संस्थाका पदाधिकारी, आमा समुहहरु, युवा क्लब, समाज सेवीहरु समेत उपस्थिति रहेको कार्यक्रममा महिला २५ जना पुरुष २१ जना जम्मा ४६ जना उपस्थिति रहेको कार्यक्रमकोस्वागत मन्तब्य उपाध्यक्ष मिरा देवी आचार्य , कार्यक्रम संयोजक सविना अधिकारी क्षेत्रीले धन्यवाद दिनुभयो र कार्यक्रम संचालन सचिब इन्दिरा पन्तले गर्नु भएको थियो।

# नेपालीको महान् पर्व बडादसैँ सुरु, आज घटस्थापना

**रासस**
**काठमाडौं, २० असोज**

प्रत्येक वर्ष आश्विन शुक्ल प्रतिपदादेखि सुरु हुने नेपालीको महान् पर्व बडादसैँ आजदेखि सुरु भएको छ। यो पर्व आश्विन शुक्ल पूर्णिमासम्म १५ दिन धुमधामका साथ मनाउने गरिन्छ।

बडादसैँको पहिलो दिन आज घरघरमा विधिपूर्वक दियो, कलश र गणेश स्थापनासहित घटस्थापना गरिन्छ । पूजा कोठा वा दसैँ घरमा वैदिक विधिपूर्वक शक्तिकी अधिष्ठात्री देवी दुर्गाको आह्वान गरी पूजा आरम्भ हुन्छ। आज बिहानै नित्यकर्म समाप्त गरी नजिकको नदी वा चोखो स्थलबाट बालुवा वा माटो ल्याई गाईको गोबरले लिपपोत गरिएको पूजा कोठा अथवा दसैँ घरमा विधिपूर्पक राखेर त्यसमाथि यव अर्थात् जौ रोप्ने गरिन्छ।

यस कार्यलाई जमरा राख्ने पनि भनिन्छ । यव अङ्कुर दुर्गा देवीको प्रिय वस्तु भएकाले आज यव रोपण गरी दुर्गालाई चढाएर विजयादशमीको दिन टीका प्रसादसितै समृद्धिको प्रतीक पहेँलो जमरा पनि ग्रहण गरिन्छ।

जमरामा जौबाहेक अरु अन्न रोप्ने शास्त्रीय विधि नभएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका पूर्वअध्यक्ष प्रा डा रामचन्द्र गौतम बताउनुहुन्छ । कूल परम्पराअनुसार कसैले अन्य अन्न पनि जौसितै रोप्ने गरेका छन् । जमरालाई आयुर्वेदिक औषधिका रूपमा समेत प्रयोग गरिन्छ। आजैको दिन विधिपूर्वक घट अर्थात् घडा स्थापना गरी त्यही घडामाथि शक्तिस्वरूपा दुर्गाको पूजा आराधना गरिने भएकाले आजको दिनलाई घटस्थापना पनि भन्ने गरिएको हो । आज स्थापना गरिएको पूर्ण कलशको जलले अभिषेक गरी विजया दशमीका दिनमा दुर्गा देवीको प्रसाद ग्रहण गर्ने गरिन्छ । आज घटस्थापनाको साइत बिहान ११:४६ बजे रहेको समितिले जनाएको छ। आज दिनभर चित्रा नक्षत्र र वैधृति योग परेकाले घटस्थापनाको साइतअघि चित्रा नक्षत्र र वैधृति योगको शान्ति गर्नुपर्ने समितिका अध्यक्ष श्रीकृष्ण अधिकारीले राससलाई जानकारी दिनुभयो । शास्त्रीय वचनअनुसार मध्याह्नकालमा अभिजित मुहूर्तको साइत घटस्थापनाका लागि दिइएको समितिले जनाएको छ । चित्रा नक्षत्रको मालिक त्वष्टा अर्थात् विश्वकर्मा र वैधृति योगको मालिक अदिति अर्थात् देवताका आमा विशेष पूजासहित शान्ति गरेर आज घटस्थापना गर्नुपर्छ । चित्रा र वैधृति योग परेका बेला त्वष्टा र अदितिसँगै रुद्र, सूर्य, सोम र मृत्युञ्जयको पनि विशेष पूजा गर्ने शास्त्रीय विधि छ । सूर्योदयकालमा प्रतिपदा भएका दिनमा घटस्थापना गर्नुपर्छ भन्ने शास्त्रीय मान्यताअनुसार नै समितिले आजको दिनलाई घटस्थापना भनी निर्णय गरेको पनि उहाँले जानकारी दिनुभयो । दुर्गा देवीका तीन वटा रूप महाकाली, महालक्ष्मी र महासरस्वतीको नवरात्रभर विधिपूर्वक आह्वान गरी पूजा आराधना गरिन्छ। महाकाली शक्तिको प्रतीक, महालक्ष्मी धनधान्य र ऐश्वर्यको प्रतीक तथा महासरस्वतीलाई विद्या र बुद्धिको प्रतीकका रूपमा पूजा आराधना गर्ने वैदिककालदेखिको परम्परा छ।

दुर्गाले आसुरी प्रवृत्तिको प्रतीकका रूपमा रहेका चण्ड, मुण्ड, शुम्भ, निशुम्भ र रक्तवीजलगायतका राक्षसलाई बध गर्न लिएका नौ वटा रूपको दुर्गा पक्षका अवसरमा विशेष पूजाआजा र आराधना गर्ने गरिन्छ। आश्विन शुक्ल प्रतिपदादेखि पूर्णिमासम्मको १५ दिनलाई दुर्गा पक्ष पनि भनिन्छ।

नवरात्र भनेरसमेत चिनिने दसैँ नौ रात र १० दिनको हुने गरेकामा यस वर्ष आठ रात र नौ दिनको मात्र परेको छ। तिथिको घटबढका कारण यस्तो परेकाले यस्तो अवस्थामा खापेर पूजा र पाठ गरी देवीको आराधना गर्नुपर्ने तन्त्र विषयका पुस्तकमा लेखिएको अध्यक्ष अधिकारीले बताउनुभयो । आज विधिपूर्वक घरघरमा आह्वान गरी पूजा आराधना गरिने दुर्गा देवीलाई असोज २९ गते विजयादशमीका दिन विसर्जन गरी मान्यजनबाट प्रसादका रूपमा टीका, जमरा र फूल, प्रसाद ग्रहण गर्ने गरिन्छ। असोज २९ गते देवी विसर्जनको साइत बिहान ०८:१९ बजे रहेको समितिले जनाएको छ। टीका प्रसाद ग्रहणका लागि साइत खोज्नेका लागि भने १०:०२ बजेको साइत उत्तम छ । विजयादशमीदेखि कोजाग्रत पूर्णिमामा अखिल बलि पूर्ति नभएसम्म देवीको प्रसाद लगाउने शास्त्रीय विधि छ। विजया दशमीदेखि कोजाग्रत पूर्णिमाका दिनसम्म आफ्ना मान्यजनबाट देवीको प्रसाद र आशीर्वाद ग्रहण गरिन्छ । गत वर्ष जस्तो कोरोना महामारी यस वर्ष दसैँमा नभए पनि जोखिम अन्त्य नभइसकेकाले सचेतना अपनाउन समितिले आह्वान गरेको छ।

पूर्णिमाका दिन धनधान्यकी प्रतीक महालक्ष्मीको व्रत बसी रात्रिमा जाग्राम रहेर पूजा लगाई धन ऐश्वर्य प्राप्तिको कामना गर्ने गरिन्छ । यस दिन जाग्राम बस्ने मानिसलाई लक्ष्मीले धनधान्य दिई सम्पन्न बनाइदिने धार्मिक विश्वास छ । आजको दिन घटस्थापना गरेर राखेको जमरा कोजाग्रत पूर्णिमाकै दिन चोखो स्थानमा लगी विसर्जन गरिन्छ।

# जनप्रिय क्याम्पसमा शुभकामना आदनप्रदान

**पोखरापत्र संवाददाता**
**पोखरा, २० असोज**

जनप्रिय बहुमुखी क्याम्पसले आसन्न दसैं, तिहार, छठ पर्वको सन्दर्भमा शुभकामना आदनप्रदान तथा चियापान कार्यक्रम सम्पन्न गरेको छ।

क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष तारा गिरीले शैक्षिक संस्थालाई गतिशील र जीवन्त बनाउन प्राध्यापक तथा कर्मचारीको अहम् भूमिका हुन्छ । आफ्नो कर्तव्य सही तरिकाले निर्वाह गरेमा क्याम्पसको उन्नति र प्रगति हुने हुँदा यसैलाई शुभकामना मान्न आग्रह गरे।

क्याम्पस प्रमुख विरञ्जी गौतमले शुभकामना मन्तव्य दिँदै भने 'मानित विश्वविद्यालयतर्फ उन्मुख क्याम्पसको साखलाई कायम राख्ने दायित्व शिक्षक कर्मचारीको हो।' गौतमले पेसागत मर्यादालाई ख्याल गर्दै गुणस्तरमा संझौता नगर्नु नै असल शिक्षकको भूमिका भएको बताए। शुभकामना आदनप्रदान कार्यक्रममा क्याम्पस सञ्चालक समितिका सदस्य ध्रुवराज चालिसेले विगत ३० वर्षदेखि समुदायमा आधारित क्याम्पसले आर्जन गरेको गरिमा गौरव गर्न लायक भएको बताए । क्याम्पसलाई केन्द्रमा राखेर काम गर्ने प्राध्यापक कर्मचारीको जरुर भलो हुने हुँदा चौतर्फी धाउँदा हुने सास्तीको अन्त्य गर्ने जनाए। जनप्रिय बहुमुखी क्याम्पसले त्रिभुवन विश्वविद्यालयको सम्बन्धन र विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर मान्यता प्राप्त गरेको छ।

मानित विश्वविद्यालयको गोरेटोमा अगाडि बढेको जनप्रियले आफ्नै पहलमा पाठ्यक्रम तयार गरी स्वयत्त कार्यक्रम अन्तर्गत एमविए इन हस्पिट्यालिटी र स्नातकतह पर्वतीय पर्यटन व्यवस्थापन (बिएमटिएम) को शैक्षिक कार्यक्रम सञ्चालन गरिरहेको छ । क्याम्पसमा प्रात र दिवा सत्रमा ५ हजारभन्दा बढी विद्यार्थी अध्ययन गर्छन् जनप्रियले देशभरिका १ हजार ९६ सामुदायिक क्याम्पस मध्ये २०७२ र २०७३ मा शिक्षामन्त्रालयबाट उत्कृष्ट क्याम्पसको पुरस्कार पाइसकेको छ । विश्वविद्यालय अनुदान आयोगको छनौटमा परेको जेएमसीले दुई पटक गुणमापन तथा प्रत्यानको प्रमाणपत्र पाएर गुणस्तर सुनिश्चितताको कसीमा सर्वोकृष्ट ठहरिएको छ।



क्याम्पसमा १ सय ५३ प्राध्यापक र ५२ जना कर्मचारी कार्यरत छन् । यही असोज २१ गतेदेखि कार्तिक २८ गतेसम्म प्राध्यापक र विद्यार्थीका लागि क्याम्पसले दसैंतिहार, छठको छुट्टी दिए पनि प्रशासनिक काम भने यथावत् सञ्चालन हुने जानकारी उपप्रशासक एकनारायण अर्यालले दिए।

पब्लिक क्याम्पस प्राध्यापक संघ जनप्रिय बहुमुखी क्याम्पस एकाई समिति र पब्लिक क्याम्पस कर्मचारी संघको जनप्रियको संयुक्त आयोजनामा शुभकामना आदनप्रदान तथा चियापान कार्यक्रम भएको हो । कर्मचारी संघका अध्यक्ष देवी पनेरुले स्वागत मन्तव्य राखेका थिए । प्राध्यापक संघका सभापति नारायणप्रसाद शर्माको सभापतित्वमा सम्पन्न कार्यक्रमको सञ्चालन प्राध्यापक संघका सहसचिव विकास थापामगरले गरेका थिए।

# निजी क्षेत्रमैत्री वातावरण निर्माण सरकारको प्राथमिकता : मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, २० असोज**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले आर्थिक वृद्धिका लागि निजी क्षेत्रको भूमिका महत्वपूर्ण रहेकाले सरकारले निजी क्षेत्र मैत्री वातावरण निर्माणलाई प्राथमिकतामा राखेको बताउनुभएको छ।

पोखरा उद्योग वाणिज्य सङ्घको ६७औँ वार्षिक साधारणसभाको आज उद्घाटन गर्दै उहाँले प्रदेश समृद्धिको मुख्य आधार पर्यटन रहे पनि औद्योगिक विकासलाई पनि सरकारले महत्व दिएको बताउनुभयो । उहाँले भन्नुभयो, “उद्योगको विकास हुनैपर्छ तर हाम्रो पहिलो प्राथमिकता पर्यटन हो।”

उत्तर तिब्बत र दक्षिण भारत जोड्ने कोरोला-त्रिवेणी सडक बनेपछि व्यापार बढ्ने विश्वास व्यक्त गर्दै मुख्यमन्त्री पोखरेलले गण्डकी प्रदेश सरकारले साना व्यवसायीलाई लक्षित गरी ल्याएको व्यवसाय पुनरुत्थान कोषलाई अझै व्यवस्थित बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो । गण्डकीमा पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मणिभद्र शर्मा कँडेलले पोखरा-जनकपुर हवाइ सेवा सुरु गर्न पहल गरिएको बताउनुभयो । कानून, सञ्चार तथा प्रदेशसभा मामिलामन्त्री विन्दुकुमार थापाले प्रदेश सरकार विकासमैत्री कानून निर्माणसँगै कानून परिमार्जनका लागि क्रियाशील बताउनुभयो।



कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वअध्यक्ष आनन्दराज मुल्मीले देशमा राजनीतिक अस्थिरता निम्त्याउने सक्रिय रहेको जिकिर गर्दै अस्थिर वातावरणमा आर्थिक समृद्धि सम्भव नभएको बताउनुभयो।

नेपाल उद्योग वाणिज्य महासङ्घ गण्डकीका अध्यक्ष सञ्जिवबहादुर कोइरालाले राजस्व बढाउनका लागि लगानीमैत्री वातावरण निर्माण गर्नुपर्नेमा जोड दिनुभयो । पोखरा उद्योग वाणिज्य सङ्घ तथा कार्यक्रमका अध्यक्ष नारायण कोइरालाले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणपछिको पोखरा कस्तो हुने भन्नेबारे अहिलेदेखि नै तयारी थाल्नुपर्ने भनाइ राख्नुभयो।

कार्यक्रममा सङ्घका पूर्वअध्यक्षद्वय दीपक श्रेष्ठ, कृष्णमोहन श्रेष्ठ, पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराई, कवि तथा संस्कृतिकर्मी तीर्थ श्रेष्ठ, सङ्घका वरिष्ठ उपाध्यक्ष पवनकुमार प्रजापति, पश्चिमाञ्चल अटोमोबाइल डिलर्स एसोसियनका अध्यक्ष मोहनबाबु खड्का लगायतले उद्योग व्यवसायमैत्री वातावरण बनाउन सरकारसँग माग गर्नुभएको थियो । पोखरा उद्योग वाणिज्य सङ्घले स्थापना गरेको 'आर्थिक पत्रकारिता पुरस्कार-२०७८' बाट पत्रकार लालप्रसाद शर्मा सम्मानित हुनुभएको छ।

सङ्घको वार्षिक अधिवेशनका अवसरमा गण्डकी प्रदेशका मुख्यमन्त्री पोखरेलले पत्रकार शर्मालाई रु २५ हजार नगद पुरस्कारबाट सम्मानित गर्नुभयो। शर्मा कान्तिपुर दैनिकका गण्डकी ब्युरो प्रमुख हुनुहुन्छ । सङ्घले पत्रकारिताका माध्यमबाट आर्थिक क्रियाकलाप वृद्धिमा सघाउने पत्रकारलाई हरेक दुई वर्षमा सो पुरस्कारबाट सम्मानित गर्दै आएको छ।

नेपालको औद्योगिक घरान लक्ष्मी हाउसबाट स्थापित तथा पोखरा उद्योग वाणिज्य सङ्घद्वारा सञ्चालित लक्ष्मी विद्यापदक २०७८ बाट विद्यार्थी सम्मानित भएका छन् । सङ्घको ६७औँ साधारणसभाका अवसरमा त्रिभुवन विश्वविद्यालयअन्तर्गत वाणिज्य शास्त्रतर्फ स्नातकोत्तर( एमबिएस) मा उत्कृष्ट अङ्क ल्याउने पृथ्वीनारायण क्याम्पसका अनिल पौडेल सम्मानित हुनुभयो । यसैगरी स्नातक (बिबिएस)तर्फ उत्कृष्ट अङ्क ल्याउने कन्या क्याम्पस पोखराकी ममता शाह तथा स्नातक (बिबिए) तर्फ उत्कृष्ट अङ्क ल्याउने पोखरा कलेज अफ म्यानेजमेन्टका विनु श्रेष्ठलाई नगद र पदकबाट सम्मानित गरिएको हो।

मुख्यमन्त्री पोखरेलले उहाँहरूलाई सम्मान गर्नुभएको थियो । अनिलले नगद रु २५ हजार तथा ममता र विनुले जनही रु १५/१५ हजार, पदक तथा प्रमाणपत्र प्राप्त गरेको गर्नुभयो । यसैगरी सङ्घले हरेक दुई वर्षमा प्रदान गर्दै आइरहेको ' पोउवा सङ्घ उत्कृष्ट वस्तुगत सङ्घ सम्मान २०७८' बाट पश्चिमाञ्चल अटोमोबाइल्स डिलर्स एशोसिएशन सम्मानित भएको छ।

# 'किचन गार्डेन' कार्यक्रम सुरु

**पोखरापत्र संवाददाता**
**पर्वत, २० असोज**

महाशिला गाउँपालिकामा जिल्लामै पहिलोपटक 'किचन गार्डेन' कार्यक्रम सुरु गरिएको छ।

महाशिला-५ लुङ्खुदेउरालीमा किचन गार्डेन कार्यक्रम सुरु गरिएको हो । हरेक घरधुरीमा उपभोग हुने तरकारी, फलफूललगायत उत्पादनबाट गाउँ, समाज, वडा र सिङ्गो पालिकालाई आत्मनिर्भर गराउने उद्देश्यले उक्त कार्यक्रम सुरु गरिएको हो।

यस वर्षदेखि सुरु भएको कार्यक्रमअन्तर्गत वडा नं ५ का सबै घरधुरीलाई साग, मुला, सिमी, धनियाँलगायत मौसमी तथा बेमौसमी तरकारीका बीउ वितरण गरिएको वडाध्यक्ष जीवनविक्रम उच्चैले जानकारी दिनुभयो । उहाँका अनुसार वडाभित्रका ६३० घरधुरीलाई बीउ वितरण गरिएको हो। विभिन्न प्रजातिका बीउ गाउँपालिकाका अध्यक्ष राजुप्रसाद पौडेल र प्रवक्ता तथा वडाध्यक्ष उच्चैले कृषकलाई वितरण गर्नुभएको हो।

किचन गार्डेन कार्यक्रमका लागि गाउँपालिकाले यस वर्ष रु एक लाख २५ हजार विनियोजन गरेको वडाध्यक्ष उच्चैले जानकारी दिनुभयो । उहाँका अनुसार अब सबै घरमा उपभोग हुने आवश्यक तरकारी घरमै बाह्रैमास उत्पादन गर्ने उपभोग गरेर बढी भएको तरकारी बिक्री गरी आयआर्जन गर्न सकुन् भन्ने उद्देश्यले यस्तो कार्यक्रम ल्याइएको हो।

घरमै उत्पादित अर्ग्यानिक तरकारी उपभोग गर्दा पालिकाका बासिन्दाको स्वास्थ्यमा फाइदा हुने, दैनिक खर्चसमेत बचत हुने र घर वरिपरिको वातावरण सफा हुने भएकाले पनि यो कार्यक्रम प्रभावकारी हुने गाउँपालिकाका अध्यक्ष पौडेलले जानकारी दिनुभयो । यो कार्यक्रम जिल्लामै नमूनाका रूपमा अघि बढाइएको उहाँको भनाइ छ । महाशिलाको वडा नं ५ तरकारी उत्पादनको पकेट क्षेत्रका रूपमा विकास हुँदै गएको छ। यहाँबाट वार्षिकरूपमा रु एक करोडभन्दा बढीको मौसमी तथा बेमौसमी तरकारी स्याङ्जा, पोखरा तथा सदरमुकाम कुश्मा निर्यात हुने गरेको छ । अहिले किचन गार्डेन कार्यक्रम परीक्षणका रूपमा वडा नं ५ मात्रै सुरु गरिएको र आगामी दिनमा छवटै वडामा विस्तार गरिने जनाइएको छ।